# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौंडा, मकवानपुर, नेपाल

## बैठक - ५१

मितिः २०७७/१२/२५ गते बिहान ८:०० बजे

निर्णयहरुः

१ सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन, २०७८ को सम्बन्धमा छलफल गर्दा मिति २०७७ साल बैशाख मसान्तभित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय रिता माझिको संयोजकत्त्वमा तपसिल बमोजिमको पाँच सदस्य बार्षिक प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १ | मा. रिता माझी | - संयोजक |
| २ | मा. जीवन डंगोल | - सदस्य |
| ३ | मा. रमेश पौड्याल | - " |
| ४ | मा. विनोद खड्का | - " |
| ५ | मा. सीता अधिकारी | - " |

२ खरिद अध्ययन तथा अनुगमन उपसमितिले महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक बेरुजू उपर अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि समितिमा थप अध्ययन तथा छलफल गरी समितिको आगमी बैठकमा निर्णय गर्ने।

३ सार्वजनिक लेखा समितिको आयोजना एवं संसद सहयोग परियोजना युएनडीपिको सहकार्यमा समितिको कार्यक्षेत्र बमोजिम महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७७ एवं बेरुजु फछ्र्यौट प्रक्रियाका सम्बन्धमा महालेखापरीक्षक तथा संघीय संसदको सार्वजनिक लेखा समितिका मा. सभापति र विज्ञको उपस्थितिमा उक्त प्रतिवेदनका सम्बन्धमा मिति २०७८ साल बैशाख मसान्तभित्र छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।